सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ४५ ♦ २०८२ साल असोज २४ शुक्रवार ♦ 10 Oct 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com



## डाँक बढाबढ सम्बन्धी सूचना

महोत्तरी जिल्ला बर्दिवास नगरपालिका-१ स्थित ईश्वरी कलेक्सन पसलमा रहेको लत्ताकपडा तथा फर्निचर डाँक बढाबढबाट लिलाम गर्नु पर्ने भएको हुनाले इच्छुक महानुभावहरूले निम्न स्थानमा उपस्थिती भईदिनु हुन अनुरोध गर्दछ ।

तपसिल

**मिति :** २०८२/०६/३१ गते शुक्रवार

**स्थान :** बर्दिवास न.पा.-१ (इश्वरी कलेक्सन) अगाडी

**सम्पर्क :** बर्दिवास नपा-१, वडा कार्यालय, ९८४४४१११२२


# मधेशमा सरकार गठनमा कांग्रेसभित्रै फाटो, एमालेसँग सहकार्य 'घातक' भएको भन्दै असन्तुष्टि

**खबर दर्पण समाचारदाता**

**असोज २३ गते, बर्दिवास**



मधेश प्रदेशमा नयाँ सरकार गठनको राजनीतिक समीकरण फेरि जटिल बनेको छ। नेपाली कांग्रेसको नेतृत्वमा नेकपा एमाले र जनमत पार्टीले संयुक्त रूपमा सरकार बनाउने दाबी पेश गरेपछि कांग्रेसभित्रै गम्भीर अन्तरविरोध देखा परेको हो

कांग्रेसभित्रको शेखर कोइराला पक्षले एमालेसँग सहकार्यमा जाँदा पार्टीलाई ठूलो राजनीतिक घाटा हुने चेतावनी दिएको छ। यसले कांग्रेस नेतृत्वले प्रस्तुत गरेको सरकार गठनको दाबीलाई फितलो बनाएको छ ।

कांग्रेस नेता शेखर कोइराला पक्षका नेता तथा प्रदेशसभा सदस्य रामसरोज यादवले एमालेसँग सहकार्य गर्न खोज्नु पार्टीका लागि घातक र प्रत्युत्पादक निर्णय हुने बताएका छन् । उनले केन्द्रमा संविधान संशोधनसहितका मुद्दामा कांग्रेसले एमालेसँग सहकार्य गर्दा धोका खाएको अनुभव भएको भन्दै मधेशमा फेरि त्यही गल्ती दोहोर्याउनु संघीयताको पक्षमा जोखिमपूर्ण सन्देश हुने बताए ।

उनका अनुसार अहिलेको राजनीतिक अवस्थाले बरु सर्वदलीय सहमतिको सरकार बनाउनु उपयुक्त देखिन्छ । 'एमालेसँग फेरि सहकार्य गर्नु भनेको संघीयता कमजोर पार्ने प्रयासलाई सहयोग गर्नु हो,' यादवले भने, 'कांग्रेसले सधैं संघीयताको पक्षमा एक ढिक्का भएर सन्देश दिनुपर्छ ।'

जनमत पार्टीका मुख्यमन्त्री सतिश कुमार सिंहले राजीनामा नदिई विश्वासको मतसमेत नलिएका बेला तीन दलले नयाँ सरकार गठनको दाबी पेश गरेका थिए । तर, कांग्रेसभित्रै एक खेमाले यो कदमलाई हतारको निर्णय भन्दै आलोचना गरेको छ ।

कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवलाई नयाँ सरकारको मुख्यमन्त्रीका रूपमा प्रस्ताव गरिएको छ। उनले भने, 'मुख्यमन्त्री सतिश कुमार सिंहले बहुमत गुमाइसकेका छन्। उनले विश्वासको मत लिनुपर्ने औचित्य छैन, त्यसैले हामीले संविधान अनुसार दाबी गरेका हौं ।'

तर, पार्टीभित्रको असन्तुष्टि र विरोधका कारण कृष्णप्रसाद यादवको नेतृत्वमा सरकार गठनको सम्भावना नै अनिश्चित बनेको छ । सामाजिक सञ्जालमा उनीविरुद्ध चरित्र

*बाँकी पृष्ठ ३ मा*

# रातो नदीले तटबन्ध भत्काउँदा करोडौंको माछा बगायो

**खबर दर्पण समाचारदाता**

**असोज २३ गते, बर्दिवास**



रातो नदीले तटबन्ध भत्काउँदा माछापालक किसानका करोडौं मूल्य बराबरको माछा बगाएको छ ।

जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकाका ८०० हेक्टर पोखरीमध्ये ४०० हेक्टर पोखरीमा बाढीको पानी पसेर अनुमानित रु १० करोड बढी मूल्य बराबरको माछा बगाएको माछापालकहरुको दाबी छ ।

गत आइतबार र सोमबारको बाढीले सदरमुकाम जलेश्वर नगरपालिकासहित मटिहानी, बलवा, लोहारपट्टी, मनरासिश्वा नगरपालिका र एकडारा, महोत्तरी, पिपरा गाउँपालिकाको करिब दुई सयवटा पोखरीको करिब ३५ हजार क्वीन्टल माछा बगाएको माछापालक मनरासिश्वा-५ का रामसुदिश शरणले जानकारी दिए।

सो तटबन्ध भत्किँदा रामविशेष शरण, सुशिलसहनी, भरत सहनी, जामुनमुखिया, सुनिल साह, शङ्कर साह, रञ्जीत शरण, फूलकुमारीदेवी, मरमानन्द मुखिया, ईनरजीत मुखियालगायतका दर्जनौं पोखरी डुबेको तथा करोडौं मूल्य बराबरको माछा बगाएको जलेश्वर नगरपालिका-१ का माछापालक शङ्कर साहले बताए।

बैङ्कबाट कर्जा लिएर पालन गरेको माछा बाढीले बगाएपछि पीडितहरुले सरकारसँग अनुदान तथा क्षतिपूर्तिको माग गरेका छन् ।






# अविरल वर्षाले महोत्तरीका किसानलाई ठूलो क्षति

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**असार २३ गते, महोत्तरी**

अविरल वर्षाले महोत्तरीका किसानहरूलाई ठूलो क्षति हालै भएको अविरल वर्षाले महोत्तरीका किसानहरूलाई ठूलो क्षति पुऱ्याएको छ। गत शुक्रबार रातिदेखि आईतवारसम्म भएको भारी वर्षाका कारण जिल्लाका विभिन्न स्थानहरूमा खेतबारी डुबानमा परेका छन्।

औरही, गौशाला, सोनामा, रामगोपालपुर, सम्सी, लोहारपट्टी, बलवा, एकडारा, मनरा शिसवा, जलेश्वर र मटिहानी लगायतका क्षेत्रका बालीमा पानी पसेपछि धान, उखु, तरकारी र दलहन जस्ता नगदे बालीमा व्यापक क्षति पुगेको स्थानीय किसानहरूले बताएका छन्। धानबाली काट्ने समयमै परेको वर्षाले सयौँ बिगाहा क्षेत्रफलमा लगाइएका धानबाली नष्ट भएका छन्। उखुका बाली ढलेका छन् भने तरकारीका बाली पानीमा सड्न थालेका छन्। दलहन बालीमा समेत किराको प्रकोप फैलने जोखिम रहेको कृषि प्राविधिकहरूले जनाएका छन्।

औरही नगरपालिका-२ का किसान दिनेश यादवका अनुसार वर्षाले किसानको वर्षभरको परिश्रम नष्ट पारेको छ। उनले भने, "हामीले भर्खर धान काट्ने तयारी गरेका थियौं, अब सबै बाली पानीमा डुबेर सड्न थालेका छन्। राहत र क्षतिपूर्तिको व्यवस्था नभए बाँच्न गाह्रो पर्छ।" त्यस्तै, गौशाला नगर पालिका-१० का किसान मनिकलाल महतोले आफ्नो तरकारी बारी र उखु खेत दुबै डुबानमा परेको बताए। उनका अनुसार, "मकै पछिको बारीमा लगाइएको तरकारी पानीमा सड्न थालेको छ। उखुको खेतमा पानी ठहरिएर बोटहरू ढलेका छन्।

यसपालि ठूलो घाटा बेहोर्नु पर्ने देखिएको छ," उनले गुनासो गरे। स्थानीय कृषकहरूले सरकारले तत्काल क्षतिपूर्तिको व्यवस्था गर्न, राहत वितरण गर्न तथा आगामी वर्षका लागि कृषिउपज बीमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न माग गरेका छन्।

प्रारम्भिक अनुमानअनुसार लगातार दुई दिनको वर्षाले महोत्तरी जिल्लामा मात्रै करिब करोडौं रुपैयाँ बराबरको कृषिजन्य क्षति भएको बताइएको छ।

# शनिवारीय साहित्य

## विद्यार्थी जीवन



गंगा यादव
श्री प्रसाद सिंह
मा.वि औरही-२

सबैले भन्छन् विद्यार्थी जीवन र
माइलो हुन्छ
तर विद्यार्थी जीवन
आँसुले भरिएको इनार हुन्छ ।
अरूको खुसीले
मनमा आश पलाउँछ
बुबाको हालतले
जिम्मेदारी याद आउँछ ।
नयाँ लुगा खरिद गर्ने
उसको चाहना हुन्छ
बुबाको च्यातेको लुगा देखेर
बहाना बनाएको हुन्छ ।
भित्रै भित्रै धेरै मौन पीडा हुन्छ
अनुहारमा खुसीको ढोङ हुन्छ ।
बुबाका आँखामा सफलताको आश देख्छ
पीडा भुलाएर पढाइमा लगनशील बन्छ ।
सबैले भन्छन् पढाई त सजिलै छ
हामीलाई थाह छ पढ्न कति कठिन हुन्छ ।
घुमफिर नगर्न बहाना बनाउँछ
तर खल्तीमा त पैसाको कमी हुन्छ ।
आँखामा अनेकौं सपना लिएको हुन्छ
निन्द्राहिन रातहरुमा पढ्दै आएको हुन्छ ।
रातभरि बत्ती बालेर पढ्ने बानी हुन्छ
परीक्षाप्रति बढी निगरानी हुन्छ ।
मिहिनेतको रात हुन्छ सफलताको आश हुन्छ
बुबाको संघर्षले उत्प्रेरणाको काम गर्छ ।
भोकै पेट रहेर काम गरेको हुन्छ
कलम र कोपीको लागि पैसा जुटाएको हुन्छ ।
कलम र कोपी हातमा लिएको हुन्छ
शिक्षालाई आत्मासात गरेको हुन्छ ।
आमाबुबाको स्वभिमान हुन्छ
अनुशासनको मुहान हुन्छ ।
भन्छन् समुन्द्रमा पानी कम हुन्छ
गहिराइमा पुगेपछि थाहा हुन्छ पानी कति हुन्छ ।

## नेता



सुजन श्रेष्ठ
गौशाला रामनगर -१

जताजता फाईदा छ उताउता
ढल्कीदिन्छु
कुर्सी के चाखेथैँ घरी घरी
पल्कीदिन्छु
मीठा मीठा सपनाका
ताजमहल देखाएर
जनताअघि जनताकै हुँ
जस्तोगरी झल्कीदिन्छु
तर्साउँदा मान्नेलाई आउन्जेल रस निचोरेर
नमान्नेको गाँस बास कपासमा सल्कीदिन्छु
दिनभरी भाषण गर्दै ठूलाठूला कुरा गर्छु
साँझ परे चपाउँदै ह्विस्कीसंगै छल्कीदिन्छु
रातापिरा गाला मेरा भुँडी अलि बढे पनि
देश बिदेश श्रीमतीको गहनासंगै टल्कीदिन्छु

## राजनीतिक विचलनका अवयवहरू



प्रन्स-प्रमोद कुमार ढकाल
विराटनगर -१०

बिर्सेर
अब
विगतका
सबै दुखित
सामाजिक
धार्मिक र
राजनीतिक विचलनका अवयवहरू

बिसाएर
युद्धका साधनहरू
दुखित चिन्तन
उग्रवादी विचार
बम, बन्दुक र बारुद ....

अपनाएर
आफैमा संयमता
बुद्धको मार्ग
धैर्यता
सकारात्मक सोच
जाँगर र जुक्ति .....

हटाएर
देशमा चलेका
"यहाँ केही हुन सक्दैन
यहाँ अवसर नै छैन
यहाँ प्रणाली नै खतम छ
यहाँ मात्र आफन्तवाद छ "
यस्ता अनेकौँ
भ्रमित चिन्तन
नकारात्मक सोच एवम्
राक्षसरुपी विषयहरूलाई .....

बदल्नुछ
रोकेर
देश बाहिरीदै गरेका
वयस्क उमेर
मजबुत पाइला
मेहनती हात
आविस्कारक दिमाग
केही गर्नसक्छु भन्ने आँटहरू
पशुपतिको उपासना गर्दै
सकारात्मकता तिर ....

बनाउनुछ
देश निर्माणको खाका
उठाउनुछ
लामो समयदेखि
विश्राम दिइरहेका
उत्पादनका औजारहरू
हलो, कोदालो, हँसिया, हथौड़ा र
वैज्ञानिक उपकरण
गर्नुछ उत्खनन
प्राकृतिक साधन र स्रोतको
सँगै गर्नुछ उत्पादन
साथसाथै
त्यसको समान वितरण र
चलाउनुछ उद्योगहरू
भर्नुछ गोजी र
ल्याउनु छ हरेकको आँगनमा
बर्सौं अघि हराएको खुसी ....

यसरी
अँध्यारो परिवेशलाई
उज्यालो पारेर
गर्नुछ आफ्नै देशको विकास ....

बताएर
तिनै बाहिरीदै गरेकालाई
आफ्नै देशमा आएको
समानता
समान अवसर
गणतन्त्र र
यसको उपयोगिता...!

## झोला छोडेर राष्ट्रिय झन्डा समाउनुपर्छ



किशन महरा (कानुनको विद्यार्थी)
क्षिरेश्वरनाथ न.पा- ०७(दुर्गाटोल),धनुषा

चलायो गोली बग्यो रगत, सेतो सूर्य र चन्द्र
भाको राष्ट्रिय झण्डा रातो भएको छ ।
पार्टीको झोले ले रगतको खोला बगाएको छ।
देश बेचेर जनता लुटी खाएको छ, अब आफू असल
भलादमी झैँ भएर आएको छ।.
उठ उठ युवा हो न्भल-श को
आन्दोलन ज्ष्वबअप भएको छ ।
हामी शासन बदलिन खोजेको उनीहरु सत्ता बदलिँदैछ।
हाम्रो वीर शहीदको बलिदान व्यर्थ भए जस्तो लागेको छ।
अब युवाले मात्र होइन सम्पूर्ण नेपालीले साथ दिनुपर्छ।
शहीदको चिता सेलाउन पाएको छैन, आमाले आफ्नो
सन्तान अझै राम्रोसँग खेलाउन पाएको छैन। देश बेचुवा
दलालहरूले आफ्नो रणनीति सुरु गरेको छन्।
रातो रगत को टिका लगाउनुपर्छ। अब हामीले
यो देश बचाउनुपर्छ।
ती गोली चलाउने ओ.ली., काण्डै काण्डले भरेको प्रचण्ड,
र देश बेच्ने देउवा, तीनटैलाई हामीले देखाउनुपर्छ। ती
भ्रष्ट नेताहरूलाई पक्राउ गराउनुपर्छ र तिनै भ्रष्टाचार
हरूलाई हामीले न्यायालयमा उभ्याउनुपर्छ।
न्यायले पनि आफ्नो कर्तव्य पूरा गर्दै सम्पूर्ण नेपालीलाई
न्याय दिलाउनुपर्छ। न्भल-श पुस्ताले सेतो जुत्तामा लागेको
त्यो रातो रगतका लागि न्याय पाउनुपर्छ ।
हामीले हाम्रो देश बचाउनुपर्छ।
अब सुन सुन नेपाली हो। झोला छोरी सूर्य र चन्द्रको र
ाष्ट्र झन्डा उठाउनुपर्छ।
आफ्नो एक मतले राष्ट्रिय जोगाउनुपर्छ
झोला छोडेर राष्ट्रिय झन्डा समाउनुपर्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केबर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धरौटीमा रिहा भए जसपा मधेश प्रदेश अध्यक्ष अशोक कुमार यादव

**खबर दर्पण समाचारदाता**

**असोज २३ गते, बर्दिबास**

जनता समाजवादी पार्टी (जसपा) मधेश प्रदेशका अध्यक्ष अशोक कुमार यादव धरौटी बुझाएर रिहा भएका छन् । सर्लाही जिल्ला अदालत मलङ्गवामा शुक्रबार उपस्थित भएका यादवलाई न्यायाधीश महेन्द्रराज काफ्लेको इजलासले एक लाख ६० हजार रुपैयाँ धरौटीमा रिहा गर्ने आदेश दिएको हो ।

अदालतका श्रेस्तेदार ज्ञानबहादुर खत्रीका अनुसार यादवविरुद्ध दायर राजद्रोह मुद्दामा एक लाख रुपैयाँ र सार्वजनिक सेवा अवरोध तथा आपराधिक उपद्रव मुद्दामा ३०/३० हजार गरी जम्मा एक लाख ६० हजार रुपैयाँ धरौटी निर्धारण गरिएको हो ।

गत असार १९ गते राति सर्लाहीका प्रहरी प्रमुख (एसपी) योगेन्द्रकुमार खड्का र यादवबीच गालिगलौजसम्बन्धी टेलिफोन संवाद सार्वजनिक भएपछि भदौ २५ गते प्रहरीले उनलाई पक्राउ गरेको थियो । पूर्व मधेश प्रदेशसभा सदस्यसमेत रहेका यादवलाई जिल्ला प्रहरी कार्यालय मलङ्गवाको हिरासतमा रहेका क्रममा आमाको निधन भएपछि असोज ३ गते काजकिरिया गर्नका लागि प्रहरीले अस्थायी रूपमा छाडेको थियो । काजकिरिया सकेर यादव बिहीबार स्वयं अदालतमा उपस्थित भएका थिए ।

रिहा भएपछि यादवले अदालतले न्याय दिएको प्रतिक्रिया दिएका छन् । उनले अन्याय, अत्याचार र भ्रष्टाचारविरुद्ध आवाज उठाउँदा उल्टै राज्यले आफ्ना विरुद्ध मुद्दा दायर गरेको आरोप समेत लगाए ।



सर्लाहीको प्राविधिक कार्यालय मलङ्गवामा आर्थिक अनियमितता र रातभर काम भएको विषयमा विवाद भएपछि सो घटनाक्रम सार्वजनिक भएको बताइएको छ ।


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं, व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**भंगहा नगरपालिका, महोत्तरी**


## मधेशमा सरकार गठनमा कांग्रेसभित्रै ...........

हत्या गर्ने गतिविधि सुरु भएसँगै कांग्रेसभित्र नै उनको नेतृत्व क्षमताप्रति प्रश्न उठ्न थालेको छ ।

तीन दलले संविधानको धारा १६८(२) बमोजिम बहुमत प्राप्त सरकार गठनको दाबी गरेको भए पनि प्रदेश प्रमुखको कार्यालयले नयाँ सरकार गठनका लागि कुनै औपचारिक आह्वान नगरेको जनाएको छ । तर, दाबीपत्रमा असोज २२ गते सूचना आह्वान भएको उल्लेख गरिएको छ । त्यसलाई प्रदेश प्रमुखको कार्यालयले अस्वीकार गरेको छ ।

संविधान अनुसार मुख्यमन्त्रीको पद राजीनामा, विश्वासको मत गुमाउने, प्रदेशसभा सदस्यता समाप्त हुने वा मृत्यु जस्ता कारणले मात्र रिक्त हुन्छ । तर, मधेशमा मुख्यमन्त्री सिंहले अझै विश्वासको मत लिएका छैनन् । यसले तीन दलको दाबीलाई संवैधानिक रूपमा प्रश्नचिन्हमा पारिदिएको छ ।

मधेश प्रदेशसभामा कुल १०७ सदस्य छन् । त्यसमा दुई जना निलम्बित छन् । सरकार बनाउन ५४ मत आवश्यक छ । एमाले (२३), कांग्रेस (२२) र जनमत (१३) ले ५८ मतको समर्थन दाबी गर्दै सरकार गठनको दाबी गरे पनि कांग्रेसभित्रको मतभेदले यो संख्या व्यवहारमा कायम रहला कि नरहला भन्ने अनिश्चितता बढेको छ ।

लोसपालाई बाहिर राखेर सरकार बनाउन खोज्दा कांग्रेसले राजनीतिक जोखिम मोलिएको देखिएको छ । यस्तै जनमत पार्टीभित्र पनि केही सांसद मुख्यमन्त्री सतिश सिंहकै पक्षमा उभिन सक्ने संकेत देखिएको छ । यस्तो अवस्था बने कांग्रेसको सरकार बनाउने योजना चकनाचुर हुन सक्ने सम्भावना बढेको छ ।


## डेंगी ज्वरो
### DENGUE FEVER



**परिचय**

डेंगी 'एडीस एजिप्टी' र 'एडीस एल्बोपिक्टस्' प्रजातिका लामखुट्टेको टोकाइबाट सर्छ । त्यसैले यसबाट बच्न लामखुट्टेको टोकाइबाट जोगिनु पर्छ ।

**लामखुट्टेले टोक्ने समय**

एडीस जातका लामखुट्टेले प्रायः गरेर दिनमा टोक्दछन् । विशेष गरी, घाम उदाएको २ घण्टा पछाडि र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडि यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा बढी सचेत हुनुपर्छ ।

**लामखुट्टे वृद्धि विकास हुने स्थान**

एडीस लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ । खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोत्तल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फूलदानी, गमला, कुलर, पानीका ट्याँकी जस्ता पानी जम्ने भाँडा तथा छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो आदि स्थानहरुमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।

**लक्षणहरु**

यदि तपाईमा तल उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त अस्पताल वा स्वास्थ्य संस्था जानुहोला:

- एक्कासि ज्वरो आउने
- थकान महसुस हुने
- आफ्नो दैनिकी, खानपान वा अन्य कामकुरामा रूचि नलाग्ने
- टाउको, मांसपेशी तथा जोर्नी दुख्ने
- वाकवाकी लाग्ने वा बान्ता हुने

यसका साथै बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने जस्ता लक्षणहरू देखापर्नु डेंगीका जटिल अवस्था हुन् ।

**जनकपुरधाम उपमहानगरपालिका**

**धनुषा, मधेश प्रदेश**



## पालिकाको स्थानीयलाई अनुरोध



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौ ।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।



–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ ।
–सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं ।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं ।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं ।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं ।



–जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं ।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं ।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं ।

**औरही नगरपालिका, महोत्तरी**

# भूमि समस्या समाधान आयोग र सबै जिल्ला समितिहरु खारेज गर्ने सरकारको निर्णय

**खबर दर्पण समाचारदाता**

**असोज २३ गते, बर्दिवास**


सरकारले भूमि समस्या समाधान आयोग र सवै जिल्ला समितिहरु खारेज गर्ने निर्णय गरेको छ ।

सिंहदरबारमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले भूमि समस्या समाधान आयोग गठन आदेश २०८१ बमोजिम गठन भएको आयोग र सवै जिल्ला समितिहरु खारेज गर्ने निर्णय गरिएको सरकारका प्रवक्ता जगदिश खरेलले जानकारी दिनुभयो । बैठकले अध्यागमन र भिजिट भिसाको सन्दर्भमा देखिएका समस्या समाधान गर्न गठित छानविन समितिको प्रतिवदेन कार्यान्वयनका लागि गृहमन्त्रालयमा पठाउने निर्णय गरेको छ भने इलाम जिल्लालाई तीन महिनाका लागि बिपद् संकटग्रस्त जिल्ला घोषणा गर्ने निर्णय गरेको प्रवक्ता खरेलले बताउनुभयो ।

बैठकले डीआईजीहरु सुशील सिंह राठौर, उमा प्रसाद चतुर्वेदी, हिमालय कुमार श्रेष्ठ र डम्बर बहादुर विकलाई एआईजीमा बढुवा गर्ने निर्णय गरेको छ । त्यसैगरि त्रिविको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन कार्यान्वयनका लागि शिक्षा मन्त्रालयमा पठाउने निर्णय बैठकले गरेको छ । नागरिक उड्ययन क्षेत्रको सुधारका लागि गठित उच्चस्तरीय अध्ययन एवं सुझाव समितिले पेश गरेको प्रतिवेदन २०८२ कार्यान्वयनका लागि पर्यटन मन्त्रालयमा पठाउने निर्णय भएको प्रवक्ता खरेलले जानकारी दिनुभयो । त्यस्तै मन्त्रिपरिषदले नेपाल विधुत प्राधिकरणको जलविधुत आयोजना निर्माणका लागि स्रोत व्यवस्थापन गर्न २० अर्व रुपैया बराबरको ऊर्जा फण्ड चरणबद्ध



रुपमा निष्काशन गर्न स्वीकृति प्रदान गरेको छ ।


**मटिहानी नगरपालिका, महोत्तरी**



## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**मिथिला नगरपालिका, धनुषा**



## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**गौशाला नगरपालिका, महोत्तरी**



## पालिकाको स्थानीयलाई अनुरोध



-जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
-जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
-जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्रका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
-जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
-बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।



-विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
-सम्बन्ध विच्छेद्रको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
-सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
-सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
-प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
-सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
-महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



-जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
-गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
-महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,